कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
Faculty of Agriculture
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: २०७६/०१/२५

# सूचना

विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यन्वयन कार्यविधि २०७५ मा उल्लेखित सर्त र सुविधा लागू हनु गरी शैक्षिक सत्र २०७५/२०७६ का लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय, रामपुरमा कृषि स्नातक (B.Sc.Ag.) तहमा विद्यार्थी भर्नाको लागि मिति २०७५ चैत्र १० गतेका दिन लिइएको प्रवेश परीक्षामा संग्लन भई उत्तिर्ण भएका विद्यार्थीहरु मध्येबाट भर्नाका लागि योग्यताक्रम (Merit) को आधारमा रिक्त सहिद कोटाको स्थानमा मेरिट लिष्टको दोश्रो नामावली (Second List) प्रकाशित गरिएको छ । यस नामावलीमा परेका विद्यार्थीहरुले मिति २०७५ वैशाख २७ गते देखि मिति २०७५ वैशाख ३० गते सम्म कार्यालय समय भित्र भर्ना भैसक्नु पर्नेछ । साथै भर्ना हनु आउदा आवेदकले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र, मूल प्रमाणपत्र वा अस्थायी प्रमाणपत्र (Provisional Certificate), अध्ययन पश्चात नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले खटाएको जुनसुकै स्थानमा गई न्यूनतम ३ वर्ष सेवा गर्ने प्रतिवध्दता पत्र, स्थानीय तहको निजलाई आफ्नो पालिका अन्तरगत प्राविधिक शिक्षा संचालित विद्यालयमा कार्य अवसरको सिफारिश सहितको प्रतिवध्दता भएको पत्र, अनुसूचि १ को ढाचां अनुरुपको कवुलियतनामाहरुको सक्कलै प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ । भर्नाको लागी निकालिएको दोश्रो नामावली (Second List) यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np मा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ ।

परीक्षाफलमा त्रुटी नहोस् भनी विशेष सतर्कता अपनाइएको छ । तथापि कुनै त्रुटी पाइएमा अभिलेखबाट सच्याइनेछ । परीक्षाफलमा त्रुटी नहोस् भनी विशेष सतर्कता अपनाइएको छ । तथापि कुनै त्रुटी पाइएमा अभिलेखबाट सच्याइनेछ ।

..........................
प्रा. जय प्रकाश दत्त
डीन

## अनुसूची १

### दफा ४ को उपदफा (१) खण्ड (च) संग सम्वन्धित कबुलियतनामा

श्री ..................................................... को नाति र नातिनी श्री........................................को छोरा/छोरी जिल्ला .................................. गा.वि.स र न.पा..................................वडा नं.......मा स्थायी बसोवास भएको मिति ................................ (वि.स.)............................ (ए.डी.) मा जन्मेको म ................................................... नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोग बाट .................................... विषयमा अध्ययनका लागि...............................................................संस्थामा छात्रवृत्तिमा छनौट भएकोले प्राविधिक धार विस्तारका लागि लागत साझेदारीका आधारमा अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७५ अनुसार नेपाल सरकारले छात्रवृत्ति उपलब्ध गराउने निर्णय भएकाले अध्ययन पूरा हुनासाथ छात्रवृत्ति सम्वन्धी ऐन, २०२१, छात्रवृत्ति सम्वन्धी नियमावली, २०६० तथा प्राविधिक धार विस्तारका लागि लागत साझेदारीका आधारमा अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७५ वमोजिम गर्नु पर्ने सम्पूर्णं काम गर्ने छु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, मासिक निर्वाह खर्च वापतको रकम समेत बुझाउने छु । प्राप्त रकम मैले नबुझाएमा मेरो घर घरनाबाट सरकारी बांकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी विश्वविद्यँलय अनुदान आयोग मार्फत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा बुझाएं ।

**ल्याप्चे सहीछाप**

| | |
|---|---|
| | |

**छात्रवृत्ति पाउनेको**

हस्ताक्षरः

नामः

सम्पर्क ठेगानाः

टेलिफोन नम्बरः

मितिः

अभिवावकको हस्ताक्षरः

**नोटः**

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र सम्बन्धित शैक्षिक संस्था र विश्वविद्यालय अनुदान आयोग र शिक्षा, विज्ञान ताथ प्रविधि मन्त्रालयमा प्रतिवेदन गर्ने छु ।
२. अध्ययन समाप्त भए पश्चात तोकिएको क्षेत्रमा तोकिएको अविधिसम्म अनिवार्य काम गर्ने छु ।